# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको

# सञ्चार तथा वाह्य पहुँच रणनीति
**(Communication and Outreach Strategy)**


राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार, काठमाडौं

२०७८

सञ्चार तथा वाह्य पहुँच रणनीति, २०७८

सर्वाधिकार © २०७८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

२०७८ भदौ

**<u>सम्पर्क ठेगाना:</u>**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाण्डौं
टेलिफोन: ०१-४२००५९२
फ्याक्स: ०१-४२००५९३
इमेल: info@nnrfc.gov.np
वेबसाईट: www.nnrfc.gov.np

# विषय सूची


१. परिचय ..... १

१.१ पृष्ठभूमि ..... १

१.२ संवैधानिक तथा कानूनी व्यवस्था ..... १

२. सञ्चार रणनीति ..... ३

२.१ दूरदृष्टि ..... ३

२.२ लक्ष्य ..... ३

२.३ उद्देश्यहरू ..... ४

२.४ मार्गदर्शक सिद्धान्तहरू ..... ४

३. आन्तरिक तथा बाह्य सञ्चार योजना ..... ६

३.१ आन्तरिक सञ्चार ..... ६

३. १.१ औपचारिक सञ्चार ढाँचा ..... ६

३.१.२ अनौपचारिक सञ्चार ढाँचा ..... ७

३.१.३ आन्तरिक सञ्चार रणनीतिहरू ..... ७

३.२ वाह्य सञ्चार ..... ७

३.३ लक्षित वर्ग तथा सरोकारवालाहरू ..... ९

४. सन्देश विकास, प्रचार प्रसार र सञ्चार व्यवस्थापन ..... १०

४.१ एकद्वार नीति ..... १०

४.२ सञ्चारका माध्यमहरू ..... १०

४.३ अनुगमन, प्रमाण र सिकाई ..... १०

४.४ सञ्चार व्यवस्थापन ..... ११

५. जोखिम तथा चुनौतीहरु ..... १३

६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र सरोकारवालाहरूबीच सञ्चार समन्वय ..... १५

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सञ्चार तथा वाह्य पहुँच रणनीति, २०७८

## १. परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान (२०७२) कार्यान्वयनमा आएसँगै राज्यले सङ्घीय शासन प्रणाली अवलम्बन गरेको सन्दर्भमा संविधानको धारा ५७ बमोजिमको राज्य शक्तिको बाँडफाँट, धारा ५९ बमोजिमको आर्थिक अधिकार र धारा ६० बमोजिमको राजस्व स्रोतको बाँडफाँडका विषयमा सिफारिस गर्न, आधार तयार गर्न, ढाँचा निर्धारण गर्न, सुझाव दिन र सङ्घीय इकाईहरूबीचको विवाद समाधान गर्ने धारा २५१ बमोजिमको काम, कर्तव्य र अधिकार रहने गरी धारा २५० बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन भएको छ।

संवैधानिक व्यवस्था बमोजिम गठित आयोगले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ र नियमावली २०७६, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी एवं कर्मचारीहरूको आचार संहिता २०७६ र अन्य सम्बन्धित ऐन कानूनको अधीनमा रही कार्यसम्पादन गर्दछ।

आयोगले सम्पादन गर्ने मुख्य कार्यहरूमा संवैधानिक जिम्मेवारी बमोजिमका कार्यसम्पादन गर्न प्रदेश र स्थानीय तहको लागि खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदानको परिमाण, सबै तहमा राजस्व असूलीमा सुधार गर्ने उपायहरू, समष्टिगत आर्थिक सन्तुलन कायम हुने गरी आन्तरिक ऋणको सिमा र प्राकृतिक स्रोत परिचालनमा सम्भाव्य विवाद निवारणका उपायहरूको वस्तुनिष्ठ <u>सिफारिस गर्नु</u>; प्रदेश र स्थानीय तहको स्वायत्तता, अधिकार र स्रोत सम्भाव्यताबीच सन्तुलन कायम गर्दै सामाजिक समता, गुणस्तरीय सेवा प्रवाह र सन्तुलित विकास हुने गरी राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा <u>निर्धारण गर्नु</u>; राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्थाका आधारमा प्रदेश र स्थानीय सरकारलाई उपलब्ध गराउने सशर्त अनुदान, प्राकृतिक स्रोतको परिचालनका लागि तीनै तहका सरकारको लगानी तथा प्रतिफलको हिस्सा निर्धारण र राजस्व तथा प्राकृतिक स्रोत परिचालनका लागि विस्तृत वस्तुनिष्ठ <u>आधार तयार गर्नु</u>; र आयोगले संस्थागत क्षमता विकासमार्फत वित्तीय सङ्घीयताका विभिन्न आयामहरूको अध्ययन अनुसन्धान गरी सरोकारवाला निकायहरूलाई <u>सुझाव दिने तथा आवश्यक सहयोग, समन्वय, सहजीकरण, र सञ्चार</u> कार्य पर्दछन्।

उल्लिखित कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्ने उद्देश्य राखी आयोगले उपयुक्त, सामयिक र प्रभावकारी सञ्चार व्यवस्थापनलाई समग्र वित्तीय सङ्घीयताको एक महत्वपूर्ण औजारको रूपमा लिंदै सञ्चार तथा वाह्य पहुँच रणनीति तर्जुमा गरेको छ।

### १.२ संवैधानिक तथा कानूनी व्यवस्था

<u>नेपालको संविधान (२०७२)</u>

संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा २७ मा सूचनाको हकसम्बन्धी व्यवस्था छ। जस अनुसार "प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक" हुन्छ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४

सूचनाको हक सम्बन्धी ऐनको दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई ऐनको अधीनमा रही सूचनाको हक हुने कुरा उल्लेख छ। सोही दफाको उपदफा (२) मा "प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ" भन्ने व्यवस्था गरिएको छ।

दफा ४: सार्वजनिक निकायको दायित्वः

(१) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहायका काम गर्नु सार्वजनिक निकायको दायित्व हुनेछः

(क) सूचनाको वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक रूपमा प्रकाशन तथा प्रसारण गराउने।

(ख) सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने।

(ग) आफ्नो काम कारवाही खुला र पारदर्शी रूपमा गर्ने।

(घ) आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने।

दफा ५: सूचनाको अद्यावधिक र प्रकाशनः

(१) सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्नेछ।

दफा ६: सूचना अधिकारीको व्यवस्थाः

(१) सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनका लागि सूचना अधिकारीको व्यवस्था गर्नेछ।

दफा ३५: सूचना सच्याउन सकिनेः

(१) सार्वजनिक निकायमा रहेको कुनै विषयको सूचना गलत छ भन्ने कुरा कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिले सो सूचना सच्याउनका लागि आवश्यक प्रमाण सहित सम्बन्धित कार्यालयको प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

**सूचनाको हक सम्बन्धी नियमावली, २०६५**

३. सूचना प्रकाशन गर्नु पर्ने

सार्वजनिक निकायले ऐनको दफा ५ को उपदफा (३) मा लेखिएको अतिरिक्त देहायका सूचना समेत सूचीकृत गरी प्रकाशन गर्नु पर्नेछ :—

(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,

(ख) सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण,

(ख१) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण,

(ख२) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन,

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि,

(ख४) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय,

(ग) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण।

**सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५**

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ मा उल्लिखित प्रशासनिक कार्य सञ्चालनका विभिन्न आधारहरू मध्ये राष्ट्र र जनताको वृहत्तर हित, समन्याय र समावेशीकरण, मानव अधिकारको प्रत्याभूति, पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमान्दारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता, प्रशासनिक संयन्त्रमा र निर्णयमा सर्वसाधारणको पहुँच, जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग गर्नु पर्ने जस्ता विषयहरू समावेश छन्।

त्यसै गरी ऐनको दफा १६ ले "प्रचलित कानूनबमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्नेछ" भन्ने व्यवस्था गरेको छ भने सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १० ले ऐनको दफा १६ बमोजिम भएको कुनै निर्णय सार्वजनिक हितको सरोकारसँग सम्बन्धित रहेछ भने त्यस्तो निर्णय जानकारीको लागि सम्बन्धित निकायको सूचना पाटीमा टाँसी वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत प्रचार प्रसार गरिनेछ भन्ने व्यवस्था गरेको छ।

ऐनको दफा ३५ ले प्रवक्ता तोक्नु पर्ने व्यवस्था गरेको छ। तदनुरूप प्रत्येक मन्त्रालय, विभाग तथा सरकारी निकाय एवं कार्यालयले आफ्नो मन्त्रालय, विभाग तथा सरकारी निकाय एवं कार्यालयको कामकारबाहीको विषयमा सरोकारवालालाई सार्वजनिक रूपमा जानकारी दिन मन्त्रालय, विभाग तथा सरकारी निकाय एवं कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नु पर्दछ। तत्सम्बन्धमा नियमावलीको नियम २४ ले प्रवक्ताको काम, कर्तव्य र अधिकारको उल्लेख गर्दै प्रवक्ताले आफू कार्यरत निकायमा रहेका सार्वजनिक गर्नु पर्ने सूचना प्राप्त गर्ने, सार्वजनिक गर्नु पर्ने विषयका सूचनाहरू आफूभन्दा एक तह माथिको अधिकारीको स्वीकृति लिई नियमित रूपमा सार्वजनिक गर्ने लगायतका व्यवस्था गरेको छ।

त्यस्तै नियम २५ ले सूचना प्रविधिलाई व्यवहारमा ल्याउनु पर्ने कुरामा जोड दिएको छ। त्यसको लागि आफूसँग सम्बन्धित सूचना र तथ्याङ्कहरू यथासम्भव कम्प्यूटरमा व्यवस्थित रूपमा राख्ने र आफ्नो कार्यालयको यथासम्भव वेबपेज निर्माण गरी सो वेबपेजमा नागरिक वडापत्र, कार्यसञ्चालन कार्यविधि, कार्यालयसँग सम्बन्धित फाराम तथा प्रकाशनहरू र कार्यालयसँग सम्बन्धित सूचनाहरू राख्ने व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ।

<u>राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६</u>

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावलीको नियम २२ मा "आयोगले आफूले सम्पादन गरेका काम कारवाही सम्बन्धी जानकारी आयोगको प्रवक्ता, सूचना अधिकारी, वेबसाइट वा अन्य माध्यम मार्फत समय समयमा सार्वजनिक गर्न वा गराउन सक्नेछ" भन्ने व्यवस्था छ।

# २. सञ्चार रणनीति

## २.१ दूरदृष्टि

**गतिशील वित्तीय सङ्घीयताको आधारः विश्वसनीय र प्रभावकारी सञ्चार**

## २.२ लक्ष्य

**मूल लक्ष्य**

आयोगले निर्धारण गरेका ढाँचा, सिफारिसहरू, आधारहरू, सुझावहरू र अध्ययनका निष्कर्षहरूमा सरोकारवालाहरूबीच समान बुझाई हुने गरी छिटो तथा प्रभावकारी ढङ्गले सञ्चार गर्ने।

**रणनीतिक लक्ष्यहरू**

- आयोगको कार्य प्रणाली सम्बन्धी पर्याप्त, सान्दर्भिक र समयोचित जानकारी उपलब्ध गराउँदै सरोकारवाला निकायहरू र आयोगबीचको समन्वय, सहजीकरण र सहकार्यका लागि सूचना र सञ्चार सम्बन्धलाई सुदृढ बनाउने।
- आयोग, सङ्घीय इकाईहरू र सरोकारवाला निकायहरूबीच अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी विभिन्न आयामहरूमा समान बुझाईको अवस्था सिर्जना गर्ने।
- आयोग, आमसञ्चार एवं अन्य सार्वजनिक सरोकारवालाहरूकाबीच प्रभावकारी सञ्चार सञ्जाल निर्माण गरी कार्यदक्षतामा वृद्धि गर्ने।
- प्रभावकारी सञ्चारलाई आयोग सम्बद्ध क्रियाकलापहरूको अनुगमन, मूल्याङ्कन, उत्तरदायित्व र निरन्तर सिकाई (Monitoring, Evaluation, Accountability and Learning - MEALS) को उपकरणको रूपमा प्रयोग गर्ने।

## २.३ उद्देश्यहरू

आयोगको सञ्चार रणनीतिका कैयौं तत्वहरू परिमार्जित हुँदै जान सक्छन् तर पनि सङ्गतिपूर्ण, स्थायी र भरपर्दो तरिकाले सूचनाप्रद रहनु आयोगको मुख्य उद्देश्य रहनेछ। यो सञ्चार रणनीतिबाट देहायका उद्देश्य हासिल हुने अपेक्षा गरिएको छः

१. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका मूलभूत कार्यहरूका सम्बन्धमा विश्वसनीय तथा समयोचित सूचना प्रवाह गर्न आन्तरिक र बाह्य सञ्चारको गतिशील योजनालाई मार्ग निर्देश गर्ने।
२. सञ्चारको सङ्गठित आधारशीला तयार पारी विभिन्न तहका सरोकारवालाहरूसँगको सञ्चार योजना प्रक्रियालाई मार्गदर्शन गर्ने।
३. सङ्घीय इकाईहरू, सरोकारवालाहरू र आम नागरिकहरूकाबीच आयोगप्रतिको विश्वासलाई थप सुदृढ पार्ने।

## २.४ मार्गदर्शक सिद्धान्तहरू

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सञ्चार सम्बन्धी दृष्टिकोण आयोगको रणनैतिक योजनामा उल्लिखित नतिजामा–आधारित क्रियाकलापका श्रृङ्खला तथा मूल्यहरूको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा निर्देशित हुनु आवश्यक हुन्छ। तसर्थ आयोगको सञ्चार रणनीति निम्नबमोजिमका मूलभूत मार्गदर्शक सिद्धान्तहरूबाट अनुप्राणित हुनेछः

- **विश्वासको वातावरण सिर्जना गर्नेः** आयोगको सञ्चार रणनीतिले आयोगको निर्णयबाट प्रभावित हुने सङ्घीय इकाईहरू र आयोगबीच विश्वासको वातावरण सिर्जना गर्नुपर्छ। त्यसका लागि जेजस्ता सूचना प्रवाह गरिन्छ, ती विश्वसनीय र सबैका लागि बुझिने बनाउन राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सबैखाले प्रयास गर्नेछ। आयोगले उच्चस्तरको सत्यनिष्ठता सहित विश्वसनीय सूचनाको उत्पादन विकास र प्रसार गर्नेछ। त्यसको साथै आयोगले गर्ने सिफारिस, दिने राय सुझाव तथा उपलब्ध गराउने सहयोग, समन्वय, सहजीकरण प्रकृयामा प्रभावकारी सञ्चारमार्फत जनविश्वास आर्जन गर्न आवश्यक कदमहरु चाल्नेछ।

- **सहभागितालाई प्रोत्साहन गर्नेः** सञ्चार प्रकृयालाई छिटो, चुस्त र प्रभावकारी बनाउन सरोकारवालाहरूको सक्रिय सहभागितालाई प्रोत्साहित गरिनेछ।
- **पारदर्शी हुनेः** विश्वासको वातावरण सिर्जना गर्न, सरोकारवालाहरूलाई प्रोत्साहित गर्न र पृष्ठपोषणबाट सिक्न आयोगका आफ्ना सबै क्रियाकलापमा पारदर्शिता अपनाइने छ।
- **समान बुझाईको अवस्था सिर्जना गर्नेः** आयोगले विश्वासको वातावरण सिर्जना गर्न सरकारी निकायहरू, सरकारका विभिन्न तह, प्राज्ञिक क्षेत्र र नागरिक समाजबीच निरन्तर अन्तर्क्रिया गर्नेछ। अन्तर्क्रिया र परिसंवादका विषयहरूमा आयोगको कार्यसम्पादन प्रकृया, नतिजा उन्मुखतामा दिइएको प्राथमिकता, वृहत आर्थिक स्थिरता सहितको सम्वृद्धि र लम्बीय तथा अनुप्रस्थ समता (vertical and horizontal equity) का लागि स्रोतको न्यायोचित वितरणका सम्बन्धमा गरिने सिफारिस, खर्चको आवश्यकता र राजस्वको क्षमताबिचको रिक्तताको गणना गर्ने विधि र प्रकृया, सङ्घीय इकाईहरूबीचको वित्तीय सम्बन्ध स्थापित गर्ने प्रयास, उपलब्ध गराउने सुझाव र तयार गर्ने आधार आदि हुनेछन्। सक्रिय र प्रभावकारी सञ्चारबाट सरोकारवालाहरूबीच वित्तीय सङ्घीयताका उपर्युक्त विषयमा समान धारणा बन्ने वातावरणको सिर्जना गर्न निरन्तर प्रयत्न गरिनेछ।
- **सूचनाको सदाचारिताः (integrity of information)** सूचनाहरूको लयवद्धता, सुसङ्गति, पारदर्शिता, विश्वसनीयता, स्पष्टता र निश्चितता कायम गर्दै यसको सम्प्रेषणमा समेत सदाचारिता अपनाइनेछ।
- **सूचनामा सहज पहुँचः** आयोगको सूचनामा सबै नेपाली नागरिकहरूको सहज पहुँच सुनिश्चित गर्न, विद्युतीय माध्यमको महत्तम प्रयोग गर्दै प्रवक्ता तथा सूचना अधिकारीको भूमिकालाई अझ जनमैत्री बनाउने लगायतका रणनीति लिइनेछ।
- **सूचनाको पर्याप्तताः** आयोगले सूचना प्रवाह गर्दा नेपालको संविधान र सूचनाको हक सम्बन्धी ऐनले प्रत्याभूत गरेका विषयहरूमा पर्याप्त सूचना उपलब्ध गराउने छ।
- **सूचनाको वोधगम्यताः** सम्प्रेषित सूचनाहरूमा सकेसम्म सरल भाषाको प्रयोग गरिनेछ। सूचनालाई वोधगम्य बनाउन विभिन्न प्रादेशिक भाषामा अनुवाद गर्ने, श्रव्यसँगै सम्भव भएसम्म दृश्य सामग्री समेत प्रयोग गर्ने र आशय यथावत रहने गरी अनौपचारिक संवादमार्फत सञ्चार गर्ने विकल्पहरूको समेत प्रयोग गरिनेछ।
- **ज्ञान (knowledge), ज्ञेय (message) र लक्षित वर्ग (target group) को स्तरगत लयवद्धताः** सञ्चार गर्दा विषयवस्तु, सन्देश र लक्षित वर्गबीचको सन्तुलन कायम गर्दै लक्षित वर्गले बुझ्ने भाषामा, छिटो माध्यमबाट, पर्याप्त सञ्चार गरिनेछ। सांस्कृतिक, शाब्दिक र प्राविधिक अवरोधहरूलाई हटाउँदै सञ्चार प्रकृयालाई प्रभावकारी बनाइने छ।
- **अवरोधरहित सञ्चारः** सबै खाले सञ्चारका अवरोधहरूको पहिचान गरी ती अवरोध हटाउँदै सञ्चारलाई प्रभावकारी बनाइने छ।

# ३. आन्तरिक तथा बाह्य सञ्चार योजना

## ३.१ आन्तरिक सञ्चार

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग भित्रको आन्तरिक सञ्चार सबल, सुदृढ, प्रभावकारी र सङ्गतिपूर्ण नभै आयोगको कार्यसम्पादनलाई प्रभावकारी बनाउन सकिँदैन। आयोगका पदाधिकारीहरू र सचिवालयबीच हुने गुणस्तरीय सञ्चारले आयोगको कार्यसम्पादनमा सहजता कायम गर्नुका साथै जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्दै आयोगका गतिविधिहरू सकारात्मक हिसाबले नतिजाउन्मुख बनाउन, नवीन खोज र अनुसन्धानलाई प्रोत्साहन गर्न, वित्तीय सङ्घीयता र प्राकृतिक स्रोत सम्बन्धी ज्ञानको हस्तान्तरण तथा विकासको वातावरण तयार गर्न सहयोग पुऱ्याउँछ। आन्तरिक सञ्चारमा पनि कहिलेकाहिँ अनौपचारिक सञ्चारका उपायहरू प्रभावकारी हुन सक्छन्। आयोग र आयोगको सचिवालयबीचको औपचारिक तथा अनौपचारिक सञ्चार देहायको ढाँचामा हुनेछ।

### ३. १.१ औपचारिक सञ्चार ढाँचा

आयोगका पदाधिकारीहरू र सचिवालयका कर्मचारीहरूबीच अत्यन्तै पातलो सीमाङ्कन सहितको घण्ट आकारको सङ्गठन संरचना हुने हुँदा आयोगका पदाधिकारीहरू र सचिवालयका कर्मचारीहरूबीचको औपचारिक सञ्चारले पदसोपानमा आधारित (hierarchical) तहगत सञ्चार अनुसरण गर्दछ। यस ढाँचा अन्तर्गत आदेश, निर्देशन, अन्तर्क्रिया, प्रतिवेदन (reporting) र सूचनाको आदानप्रदान औपचारिक र लम्बीय (formal and vertical) ढाँचामा हुन्छ।



### ३.१.२ अनौपचारिक सञ्चार ढाँचा

आयोगका पदाधिकारीहरू र सचिवालयका कर्मचारीहरूबीच अनौपचारिक छलफल, अन्तर्क्रिया सम्वाद र सूचनाको आदान प्रदानले कार्यसम्पादनमा शीघ्रता आउनुका साथै अन्तरवैयक्तिक सम्बन्ध समेत स्थापित हुन्छ। यसले आयोग परिवारका सदस्यहरूबीच एकअर्काको मनोभावना बुझ्न, अन्तर्निहित क्षमताको पहिचान गर्न र एकापसमा अपनत्व बढाउन समेत सहयोग पुग्दछ। कतिपय अवस्थामा अनौपचारिक सूचनाहरू समेत सङ्कलन गर्न यस्तो सञ्चार ढाँचाले सहयोग पुग्दछ। अनौपचारिक सञ्चार ढाँचालाई निम्नानुसार प्रस्तुत गरिएको छ।




अनौपचारिक सञ्चार गर्दा अनावश्यक हल्ला, तोडमोड गरिएका सूचना र एकापसमा द्वन्द्व बढाउने खालको सञ्चार नहोस् भन्ने कुरामा आयोग सचेत रहनु पर्दछ।

### ३.१.३ आन्तरिक सञ्चार रणनीतिहरू

१) आयोगका अध्यक्ष एवं सदस्यहरूबीच हप्तामा कम्तीमा दुईपटक अनौपचारिक छलफल र वित्तीय सङ्घीयताका समसामयिक सवालहरूमा समीक्षा गरिनेछ।

२) आन्तरिक सञ्चारलाई प्रभावकारी बनाउन ईमेल, मिटिङ्ग नोट, भर्चुअल बैठक तथा अन्तर-महाशाखा सञ्चार प्रणालीको प्रयोग गरिनेछ।

३) आयोगको नियमित तथा अन्य कार्य प्रगति सम्बन्धमा प्रत्येक हप्ता छलफल गरिनेछ।

४) प्रभावकारी आन्तरिक सञ्चारका लागि औपचारिक र अनौपचारिक उपायहरू अवलम्बन गरिनेछ।

## ३.२ वाह्य सञ्चार

आयोगले प्रतिवेदन गर्ने निकाय, संसदीय समितिहरू, आयोगका सिफारिस र सुझावसँग सरोकार राख्ने आयोग, नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग र कार्यालयहरू, प्रदेश तथा स्थानीय सरकारहरू, प्राकृतिक स्रोतको परिचालन तथा उपयोगसँग सम्बन्धित प्रचलित कानून बमोजिम दर्ता भै राजस्व सङ्कलन तथा परिचालनको अधिकार पाएका निकायहरू, विश्वविद्यालय, प्रशिक्षण प्रतिष्ठान, अनुसन्धान केन्द्रहरू, शोध तथा अनुसन्धानसँग सम्बन्धित अन्य देशका विश्वविद्यालय तथा अनुसन्धान केन्द्रहरू, आयोगको कामको प्रकृतिसँग मिल्दोजुल्दो कार्य गर्ने विदेशका निकायहरू, विकास साझेदारहरू तथा देशविदेशस्थित सञ्चार माध्यमहरू लगायतसँग परिच्छेद ६ बमोजिमका मुख्य सरोकारवाला, निकटवर्ती सरोकारवाला र

प्रतिवेशी सरोकारवालाहरूसँग आयोगले सञ्चार गर्दा औपचारिक तथा अनौपचारिक सम्बन्ध कायम गर्दै औपचारिक सञ्चारलाई बढावा दिनु उपयुक्त हुन्छ।

आयोगको रणनीतिक योजना बमोजिम वित्तीय सङ्घीयताका विविध विषयहरू तथा प्राकृतिक स्रोतको परिचालन, उपयोग, संरक्षण, बाँडफाँट, विवाद निवारण, वातावरणीय प्रभाव, लगानीका विषय तथा क्षेत्रमा सम्बन्धित तहमा अन्तर्क्रिया छलफल एवं अभिमुखीकरण चलाई सरोकारवालाहरूलाई सुसूचित गरिनेछ। आयोगले सङ्घीय इकाईहरू र अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरूसँग सञ्चार कायम गर्न देहायका उपायहरू अवलम्बन गर्नेछ।

**१) नेपाल सरकारका निकायसँग गरिने सञ्चार रणनीति**

- नेपाल सरकारलाई आयोगले गर्ने सिफारिसहरू अर्थ मन्त्रालय मार्फत गरिनेछ।
- आयोगसँग सम्बन्धित विषयमा सञ्चार गर्न सङ्घीय विषयगत मन्त्रालयहरूका सम्पर्क विन्दुसँग सम्पर्क स्थापित गरिने छ।
- आयोगले गर्ने सिफारिसका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू सङ्घीय विषयगत मन्त्रालयबाट सङ्कलन गर्न सम्पर्क विन्दुहरूलाई परिचालन गरिनेछ।
- राष्ट्रिय नीति र आवश्यकता, मानक तथा पूर्वाधारको अवस्था लगायतका सशर्त अनुदानका आधारका सम्बन्धमा सङ्घीय विषयगत मन्त्रालयहरूसँग छलफल गरिनेछ।
- आयोगले अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग निरन्तर सघन औपचारिक तथा अनौपचारिक संवाद तथा छलफल आयोजना गरी वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान र राजस्व बाँडफाँट) र प्राकृतिक स्रोतको संरक्षण, परिचालन, लगानी तथा लाभको बाँडफाँट प्रकृयालाई प्रभावकारी बनाउँदै समन्यायिक विकासमा समान धारणा बनाउने प्रयास गर्नेछ।

**२) प्रदेश सरकारसँग गरिने सञ्चार रणनीति**

- प्रदेशसम्बद्ध नीतिगत मामिलामा प्रदेशको आर्थिक मामिला हेर्ने मन्त्रालयसँग छलफल तथा सञ्चार गरिनेछ। प्रदेश सरकारसँग गरिने सञ्चारका लागि सम्पर्क विन्दू तोकी पठाउन लेखी पठाइनेछ।
- आयोगबाट प्रदेश सरकारलाई गरिने सिफारिसको जानकारी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्रदेश सरकारलाई दिइनेछ।
- प्रदेश सरकारले गरेको राजस्व परिचालन सम्बन्धी औपचारिक जानकारी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत प्राप्त गरिनेछ।
- वित्तीय सङ्घीयता र प्राकृतिक स्रोतको परिचालनसम्बन्धी विषयमा प्रदेश स्तरमा आयोगको रणनीतिक योजना बमोजिम अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आयोगले प्रदेश सरकार र प्रदेश नीति तथा योजना आयोगसँग निरन्तर सघन औपचारिक तथा अनौपचारिक संवाद तथा छलफल आयोजना गरी वित्तीय हस्तान्तरण (वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान र राजस्व बाँडफाँट) र प्राकृतिक स्रोतको संरक्षण, परिचालन, लगानी तथा लाभको बाँडफाँट प्रकृयालाई प्रभावकारी बनाउने प्रयास गर्नेछ।

**३) स्थानीय तहसँगको सञ्चार रणनीति**

- सबै स्थानीय तहसँग सञ्चार गर्नका लागि संभावित सबै माध्यमहरू अवलम्वन गरिनेछ। त्यसको अतिरिक्त जिल्ला समन्वय समिति, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालसँग सूचना आदानप्रदानमा सहकार्य गरिनेछ।

सङ्घीय इकाईहरू बाहेकका व्यवस्थापिका अन्तर्गतका विभिन्न समितिहरू, विभिन्न संवैधानिक आयोगहरू, शोध अनुसन्धानमूलक संस्थाहरू, व्यवसायिक तथा सार्वजनिक संस्थाहरू, नागरिक समाज, विदेशस्थित समान कार्यप्रकृतिका आयोग/सार्वजनिक संस्थाहरू, विश्वविद्यालयहरू तथा आम सञ्चारमाध्यममा सञ्चार गर्ने विषयहरू र सो को माध्यम तालिका नं २ मा समावेश गरिएको छ। सो को अतिरिक्त आम नागरिकसम्म आयोगले प्रभावकारी सञ्चार सम्बन्ध स्थापित गर्न देहायको नीति अवलम्बन गर्नेछ।

- नेपालमा वित्तीय सङ्घीयताको अभ्यास सम्बन्धमा जानकारी लिन इच्छुक व्यक्तिहरूका लागि विभिन्न प्रकाशनहरू छपाई तथा वितरण गर्न लागतप्रभावी उपाय अपनाइनेछ।
- आयोगको कार्यप्रगतिका सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ।
- नेपालमा वित्तीय सङ्घीयताको अभ्यास र यसमा प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका सम्बन्धमा आम नागरिकलाई सुसूचित गर्न आम सञ्चारका माध्यम र सामाजिक सञ्जालको प्रयोग गरिनेछ।
- यस आयोगको वेवसाईटलाई निरन्तर अध्यावधिक गरी चुस्त राखिनेछ। आयोगका महत्वपूर्ण निर्णयहरू, प्रकाशन र महत्त्वपूर्ण अध्ययन प्रतिवेदनहरू वेवसाइट मार्फत सार्वजनिक गरिनेछ।

त्यसै गरी अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग सञ्चार गर्दा -

- विकास साझेदार, अन्तर्राष्ट्रिय विज्ञ समुह, समान प्रकृतिको कार्य जिम्मेवारी भएका विदेशस्थित सार्वजनिक निकाय तथा आयोगहरू, विश्वविद्यालयहरू तथा शोध अनुसन्धानमूलक निकायहरू र अन्य सम्बद्ध अन्तर्राष्ट्रिय समुदायका लागि सूचना प्रवाह गर्नका लागि आयोगका मुख्य मुख्य दस्तावेजहरू अंग्रेजी भाषामा आयोगको वेवसाइटमा प्रकाशन गरिनेछ।
- विद्यमान नीति तथा प्रकृया बमोजिम विकास साझेदार तथा अन्तर्राष्ट्रिय विज्ञ समुदायसँग संवाद र सहकार्यका लागि गोष्ठी तथा कार्यशालाहरूको आयोजना गरिनेछ।

सूचना तथा सञ्चार व्यवस्थापनको कार्य परिच्छेद ४.४ बमोजिमको सञ्चार समितिले तोकेको महाशाखा/शाखाले गर्नेछ।

## ३.३ लक्षित वर्ग तथा सरोकारवालाहरू

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न निकायहरूसँग निरन्तर सहकार्य र संवाद गर्नु पर्ने हुन्छ। सरोकारवालाहरूलाई आयोगको उनीहरूसँगको सहकार्यको प्रकृति हेरेर सञ्चार प्रयोजनका लागि मुख्य सरोकारवाला (core stakeholders), निकटवर्ती सरोकारवाला (adjoining stakeholders), र प्रतिवेशी सरोकारवाला (surrounding stakeholder) गरी तीन तहमा वर्गीकरण गरिएको छ। नियमित र औपचारिक सम्बन्ध राख्नु पर्ने निकायहरूलाई मुख्य सरोकारवालामा समावेश गरिएको छ भने आवधिक रूपमा सम्पर्क र सञ्चार सम्बन्ध राखुपर्ने सरोकारवालाहरूलाई निकटवर्ती तथा प्रतिवेशी सरोकारवाला समूहमा राखिएको छ। कतिपय सरोकारवालाहरू मूल वा निकटवर्तीमा वर्गीकरण गर्न स्पष्ट सिमाङ्कन रेखा नभएकोले कार्य सम्पादनको प्रकृति र परिस्थिति बमोजिम आयोगसँगको निकटता स्थापित हुने हुन्छ।

# ४. सन्देश विकास, प्रचार प्रसार र सञ्चार व्यवस्थापन

## ४.१ एकद्वार नीति

सञ्चार गरिने सबै सन्देशहरू आयोग सम्बद्ध कानून, आयोगका कर्मचारी तथा पदाधिकारीहरूको आचार संहिता तथा आयोगको रणनीति अनुसार हुनु पर्दछ। आयोगको सञ्चार समितिको मार्ग निर्देशनमा सञ्चार कार्यसमूहले सूचनाको विकास र प्रचार प्रसार सम्बन्धी कार्य गर्नेछ। सबै सञ्चार सामग्रीको तयारी र प्रचारप्रसार गर्नुपूर्व आयोगको सञ्चार समितिले जाँच गरी स्वीकृतिको प्रक्रिया अवलम्बन गर्नेछ।

वित्तीय सङ्घीयतासँग सम्बन्धित सूचना प्रसारका सम्बन्धमा आयोगले आम सञ्चारका माध्यमहरू, जिल्ला समन्वय समिति राष्ट्रिय महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घ, नेपालसँग समन्वय र सहकार्य गर्न सक्नेछ। आयोगबाहेक बाह्य निकायबाट सूचना प्रसारका हकमा आयोगले सङ्घीय इकाईहरू, आयोगको कार्यसम्पादन सम्बन्धमा तालिम, अनुशिक्षण वा सचेतना अभिवृद्धिका लागि आयोगसँग सम्झौता गरी कार्यान्वयन गर्ने निकायहरू तथा सम्बद्ध सरोकारवालाहरू लगायत अन्य साझेदारहरूलाई यो प्रक्रियामा मार्ग निर्देशन गर्न सक्नेछ। बुझाइमा एकरूपताका लागि सन्देश विकास र सञ्चारमा आयोगले एकद्वार नीति अवलम्बन गर्नेछ।

## ४.२ सञ्चारका माध्यमहरू

सञ्चारका माध्यमहरुको प्रयोग मूलतः हासिल गर्नुपर्ने उद्देश्यहरू, लक्षित वर्ग र सम्पादन गर्नुपर्ने क्रियाकलापहरुको क्षेत्रमा निर्भर गर्दछ। आयोगले प्रयोग गर्न सक्ने मुख्य सञ्चारका माध्यमहरूको सूची निम्नानुसार उल्लेख गरिएको छ तथापि यो सूची प्रत्येक उद्देश्य र गतिविधिको आवश्यकताअनुसार फरक हुन सक्दछः

- श्रव्य दृश्य सामग्रीको विद्युतीय तथा छापा माध्यमबाट प्रसारण तथा प्रकाशन।
- मोबाइल, डिजिटल एवं सामाजिक सञ्जालको माध्यम।
- व्यक्ति–व्यक्तिबीच सम्वाद।
- सामुदायिक छलफल, बैठक तथा सार्वजनिक बहस लगायतका अन्य प्रत्यक्ष माध्यमहरू।
- टेलिफोन सूचना सम्पर्कहरू (प्रत्यक्ष र स्वचालित)।
- तेस्रो पक्षका सूचना वैधकर्ताहरू र सञ्चार संवाहकहरू।
- आयोगले आवश्यक र प्रभावकारी ठानेका अन्य माध्यमहरू।

## ४.३ अनुगमन, प्रमाण र सिकाई

सञ्चारका लक्षित वर्गलाई आवश्यक पर्ने सूचना र विभिन्न सञ्चार गतिविधिको प्रभावका बारेमा मूल्याङ्कन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सञ्चार व्यवस्थापन शाखाले सङ्घीय इकाईहरू र अन्य सरोकारवालाहरूसँग निरन्तर अन्तर्क्रिया गरी अग्रपोषण र पृष्ठपोषण लिनेछ। त्यसबाट प्राप्त निष्कर्षलाई सूचना तथा सञ्चार कार्ययोजनामा समावेश गरी कार्यान्वयन गर्दै लगिनेछ।

## ४.४ सञ्चार व्यवस्थापन

आयोगको सञ्चार कार्य समूहले तत्काल जवाफ दिनुपर्ने (immediate response) र पर्याप्त परामर्श गरी जवाफ दिनुपर्ने (responding after sufficient consultation) विषयहरू छुट्याउने छ। आयोगमा परामर्श गरी जवाफ दिनुपर्ने विषयमा पनि आयोगको निर्णयबाट जवाफ दिने र प्रशासनिक निर्णयबाटै जवाफ दिन सकिने विषयहरू पनि निक्यौंल गर्नेछ। स्पष्ट हुन बाँकी नीतिगत तथा कानूनी प्रश्नहरूमा आयोगको निर्णयबाट मात्र सोधिएका सवालको जवाफ दिइने छ भने यस अगावै स्पष्ट भएका विषयहरूमा आयोगका प्रवक्ता सूचना, अधिकारी वा सम्बन्धित क्षेत्र हेर्ने जिम्मेवार अधिकारीबाट सूचना संप्रेषण गर्न सकिने छ। यसका लागि आयोगले सञ्चार समिति गठन गर्ने छ।

सञ्चारको प्रभावकारिता सुनिश्चित गर्न आयोगले सूचना तथा सञ्चार शाखा र आवश्यकतानुसार सूचना तथा सञ्चार डेक्स स्थापना गर्न सक्नेछ। यो संरचनाको मुख्य कार्य प्राधिकार(authority)द्वारा बनाइएका कानून नीति तथा कार्यविधिसँग सम्बन्धित महत्वपूर्ण सन्देशहरू प्रचारप्रसार गर्ने तथा सञ्चार रणनीति र सम्बद्ध कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गर्नु हुनेछ।

आयोगले एउटा व्यवसायिक पेशावविद्ले जस्तै सञ्चार गर्ने (professional communication) व्यवस्था मिलाउने छ। आयोगको भावी दिशा लगायतका नीतिगत विषयमा आयोगका अध्यक्षले र अन्य विषयमा प्रवक्ताले सञ्चार माध्यममा सूचना सम्प्रेषण गर्नु पर्नेछ। अध्यक्षको अनुमतिले आयोगका विषयविज्ञ सदस्यहरू वा सचिवको अनुमतिले प्रवक्ता तथा महाशाखा प्रमुखहरूले पनि आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सूचना सम्प्रेषण गर्न सक्नेछन्। आयोगमा एक जना प्रवक्ता (सञ्चार प्रमुखका रूपमा), एक जना सहायक प्रवक्ता, एक सूचना अधिकारी तथा डिजिटल तथ्याङ्क र फिल्डस्तरको सञ्चारको जिम्मेवारीमा सहयोग पुऱ्याउन प्राविधिक कर्मचारी/तथ्याङ्क हेर्ने अधिकारीको व्यवस्थापन गरिनेछ। आयोगसँग सम्बद्ध सूचना तथा सञ्चार सामग्रीको उत्पादन गर्दा सञ्चार समितिबाट स्वीकृत गराउनु पर्नेछ।

रणनीतिक तहमा सन्देशहरूको विकास तथा प्रचार प्रसार प्रक्रियालाई मार्गनिर्देशन गर्न आयोगका अध्यक्षले तोकेको सदस्यको नेतृत्वमा निम्नानुसारको सञ्चार समिति रहने छ। सञ्चार समितिको मुख्य कार्य आयोगले निर्माण तथा प्रवर्द्धन गर्नुपर्ने मुख्य सन्देशहरूका साथसाथै नीति तथा कार्यसम्पादन कार्यविधिहरूसँग सम्बन्धित महत्वपूर्ण सन्देशहरूको प्रसारका लागि समन्वय गर्न सञ्चार समूहलाई मार्गनिर्देशन गर्नु हुनेछ। यो समितिले सञ्चार रणनीति तथा सम्बद्ध कार्ययोजनाको कार्यान्वयन सुनिश्चित गर्नेछ। यसले सञ्चारसँग सम्बन्धित सबै गतिविधिहरूका लागि प्राधिकारको रुपमा कार्य गर्नेछ। यसमा आवश्यकतानुसार आयोगका कर्मचारी, आयोगले सञ्चार प्रयोजनका लागि कार्यजिम्मेवारी तोकेका संस्थाहरू र सञ्चार विज्ञहरू संलग्न गर्न सकिने छ। यो समितिको बैठक आवश्यकताअनुसार बस्नेछ। सञ्चार समितिको संरचना निम्नानुसार हुनेछः

<u>सञ्चार समिति</u>

| | |
|---|---|
| अ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्षले तोकेको एकजना सदस्य | अध्यक्ष |
| आ) सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| इ) महाशाखा प्रमुख, वित्तीय व्यवस्थापन महाशाखा | सदस्य |
| ई) महाशाखा प्रमुख प्राकृतिक स्रोत परिचालन तथा रोयल्टी बाँडफाँट महाशाखा | सदस्य |
| उ) प्रवक्ता/ महाशाखा प्रमुख , नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा | सदस्य सचिव |

त्यसैगरी, प्रवक्ताको नेतृत्वमा सञ्चार कार्य समूह रहने छ जसले सम्बन्धित सञ्चार सामग्रीको उपयुक्तताको आवश्यक जाँच गर्ने, उपयुक्त माध्यमबाट सम्प्रेषण गर्ने कार्यको अगुवाई गर्ने र आयोगको सरोकारवालाहरूसँगको प्रभावकारी सञ्चारलाई सुनिश्चित गर्नेछ। सञ्चार कार्य समूहको संरचना निम्नानुसार हुनेछः

<u>सञ्चार कार्य समुह</u>

| | | |
|---|---|---|
| अ) | प्रवक्ता, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (सह–सचिव) | संयोजक |
| आ) | शाखा प्रमुख, योजना, अनुगमन तथा कार्यक्रम शाखा | सदस्य |
| इ) | वित्तीय व्यवस्थापन महाशाखा प्रमुखले तोकेको एकजना उपसचिव | सदस्य |
| ई) | प्रा. स्रो. प. तथा रो. बाँ. महाशाखा प्रमुखले तोकेको एकजना उपसचिव | सदस्य |
| उ) | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा नियुक्त विज्ञ, (आवश्यकताअनुसार) | सदस्य |
| ऊ) | शाखा प्रमुख, सूचना तथा सञ्चार शाखा/तथ्याङ्क विश्लेषण शाखा | सदस्य |
| ऋ) | उपसचिव, कानून शाखा | सदस्य |
| ए) | सह–प्रवक्ता, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, (उपसचिव) | सदस्य–सचिव |
| ऐ) | मिडिया तथा सञ्चार क्षेत्रका प्रतिनिधि (आवश्यकतानुसार) | आमन्त्रित सदस्य |

यो रणनीतिको कार्यान्वयन गर्न प्रत्येक आर्थिक वर्षका लागि सञ्चार समितिले वार्षिक कार्ययोजना (annual implementation plan) तर्जुमा गरी/गराई स्वीकृत गर्नेछ।

## ५. जोखिम तथा चुनौतीहरु

आयोगको सञ्चार रणनीतिको कार्यान्वयनका क्रममा देहायका जोखिम तथा चुनौतीहरूको सामना गर्नुपर्ने हुनसक्छः

| क्र.सं. | जोखिम तथा चुनौतीका प्रकार | अनुकूलनका उपाय | जोखिम– स्तर |
|---|---|---|---|
| १. | सञ्चार रणनीति तथा योजनालाई सहयोग गर्न आर्थिक स्रोतको अपर्याप्तता | अर्थ मन्त्रालयले बजेट तर्जुमा/योजना गरेर सञ्चार रणनीति र योजनाको कार्यान्वयनमा सहयोग गर्न वित्तीय स्रोत उपलब्ध गराउने। | |
| २. | अपर्याप्त जनशक्ति तथा सञ्चार सामग्री ।<br>(Insufficient human resources and communication logistics) | • आयोगले आफ्नो सञ्चार रणनीति र योजनाको नेतृत्व गर्न पूर्णकालीन सरकारी अधिकारी खटाउने,<br>• कार्ययोजनालाई कार्यान्वयन गर्न आयोगको सञ्चार नेतृत्वलाई सहयोग गर्ने गरी आयोगको सचिवालयले पूर्णकालीन सञ्चार समूह गठन गर्ने,<br>• सञ्चार समूहका सदस्यहरुको सञ्चार सीप र क्षमता विकास गर्न तालिमका अवसरहरुमा पहुँच उपलब्ध गराउने।<br>• मोबाइल फोन ग्रुप मेसेजिङ्ग सामाजिक सञ्जाल र सञ्चारका अन्य नवीनतम प्रविधिहरूको वैकल्पिक प्रयोग गर्न सक्ने जनशक्ति तयार गर्ने। | |
| ३. | प्रभावकारी सञ्चारका लागि अपर्याप्त साङ्गठनिक एवं संरचनागत समर्थन। | • आयोगका अध्यक्ष तथा सदस्यहरूले सञ्चारको महत्वका बारेमा आमसहमति निर्माण गर्ने र वित्तीय सङ्घीयता, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा प्राकृतिक स्रोतको संरक्षण, परिचालन, बाँडफाँट, उपयोग र विवाद समाधानसँग सम्बन्धित सन्देशहरूको प्राथमिकता साथ प्रभावकारी सञ्चार गर्न सञ्चार समिति सदस्यले नेतृत्व लिने।<br>• आयोगको सञ्चार प्रकृयमार्फत सरोकारवालासम्म आफ्नै सक्रियतामा दृश्यगोचर (proactive visibility) हुने गरी प्रभावकारी सञ्चार गर्न सहमत हुने। | |
| ४. | सम्बन्धित सरोकारवालाहरूलाई समयमै र प्रभावकारी सञ्चार नहुँदा आयोगको वित्तीय | • आयोगको रणनीतिक योजनाको कार्यान्वयनमा प्रभावकारी सञ्चारलाई एक अनिवार्य हिस्साको रूपमा संलग्न गर्ने। | |

| | | | |
|---|---|---|---|
| | सङ्घीयताको संरक्षकको रूपमा आयोगको भूमिका ओझेल पर्ने। | • रणनैतिक योजना अन्तर्गतका क्रियाकलापहरू र वार्षिक कार्यक्रम कार्ययोजनामा सञ्चारको विषय, सञ्चारको तरिका र समयसीमा समेत समावेश गर्ने। | |
| ५. | नेतृत्व परिवर्तन हुँदा सञ्चारको महत्वको बुझाई भिन्न हुनसक्ने। | • नेतृत्वमा परिवर्तन भएको अवस्थामा समेत यसको महत्वलाई आत्मसात गर्न गराउन सञ्चार समिति र सञ्चार कार्य समूहले आवश्यक भूमिका खेल्ने। | |
| ६. | गलत/अपर्याप्त सूचनाका कारण सङ्घीय इकाईहरूको वित्त व्यवस्थापनमा समस्या हुन सक्ने। | • आयोगका सिफारिस ढाँचा राय सुझाव कार्यसम्पादन सूचक तथा प्रतिवेदनहरू सम्बन्धित निकायमा छिटो माध्यमद्वारा एकभन्दा बढी सञ्चार माध्यमको प्रयोग गरेर सञ्चार गर्ने।<br>• सरोकारवालाहरूसँग आवधिक रूपमा अन्तर्क्रिया, बहस, छलफल र सहकार्य गर्ने।<br>• सञ्चार सहजकर्ताहरूको सहयोग लिने।<br>• सञ्चार माध्यममा आवधिक रूपमा निश्चित कार्यक्रम सञ्चालन गरी आयोगले सञ्चार सक्रियता देखाउने तथा रेडियो, टेलिभिजनमा बहस चलाउने। | |
| ७. | कमजोर समन्वयको अवस्था सिर्जना हुन सक्ने। | • आयोग र सङ्घीय इकाईहरूबीच वित्तीय सङ्घीयताका विषयमा समान धारणा बन्ने गरी सञ्चारका माध्यमहरूको प्रयोगलाई सशक्त बनाउन सुदृढ समन्वय संयन्त्र सुनिश्चित गर्ने। | |

## ६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र सरोकारवालाहरूबीच सञ्चार समन्वय

आयोगले विभिन्न सरोकारवालाहरूसँग रणनीतिक सञ्चार गर्ने प्रयोजनका लागि साझेदारहरू/सरोकारवालाहरूको वर्गीकरण गरिएको छ। यसमा उल्लिखित साझेदारहरूको वर्गीकरण स्थायी प्रकृतिको नभै आवश्यकतानुसार उही सरोकारवाला कहिले निकटवर्ती, कहिले प्रतिवेशी त कहिले मुख्य सरोकारवाला समेत हुन सक्दछ। तथापि आयोगसँगको सम्पर्क र सम्बन्धको तीव्रता (frequency of contact)का आधारमा मुख्य सरोकारवालाहरू, निकटवर्ती सरोकारवालाहरू र प्रतिवेशी सरोकारवालाहरू निम्नानुसार छन् –

**तालिका नं १: सरोकारवालाहरूको वर्गीकरण**

| मुख्य सरोकारवालाहरू (Core Stakeholders) | निकटवर्ती सरोकारवालाहरू (Adjoining Stakeholders) | प्रतिवेशी सरोकारवालाहरू (Neighboring Stakeholders) |
